# ओमसतिया गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय
हाटीफर्साटिकर, रुपन्देही

५ नं. प्रदेश, नेपाल

## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिती २०७६/०८/११

सूचना नं ०६/०७६/०७७

यस कार्यालयले तपसिलमा उल्लेखित सामाग्रीहरु सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद ३ को दफा (१४) बमोजिम खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त सप्लायर्स/फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

शर्तहरु:-

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसिदसाथ नबिकरण भएको इजाजत पत्र, मुल्य अभिवृद्दि कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न गरि लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितीले ३० (तिस) दिनको कार्यालय समयसम्म आर्थिक प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ।

२. यस कार्यालयबाट खरिद गरेको दरभाउ पत्र फारम नियम अनुसार भरी शिलबन्दी गरि खामको बाहिर कार्यको विवरण, ठे.नं.,दरभाउ पत्रदाताको नाम र ठेगाना समेत लेखी कार्यालयलाई सम्बोधन गरि ३१ (एकतीसौ) दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका दरभाउ पत्र सोहि दिनको १:०० बजे दरभाउ पत्रदाता स्वयम् वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउ पत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन|

३. सिलबन्दी दरभाउ पत्रसाथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको NMB बैंक शाखा कार्यालय ठुटिपिपलको धरौटि खाता ग-३-०४०००५७७६४५०००४७ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२० (एक सय बिस) दिन म्याद भएको (कार्यको विवरण र ठेक्का नम्बर समेत उल्लेख भएको) विडबन्ड संलग्न हुनुपर्नेछ। नगद रकम मान्य हुनेछैन ।

४. दरभाउ पत्र शर्त रहित, प्रत्येक आइटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ | दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउमा दस्तखत भएको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त बिपरित भएको दरभाउ पत्र माथि कुनै कारवाही हुनेछैना

५. दरभाउ पत्रको मान्य अवधि (Bid Validity period) ९० (नब्बे) दिनको हुनेछ।

६. नेपाल सरकारलाई तिर्न बुझाउनपर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दररेटमा समावेश भएको मानिनेछ।

७. दरभाउ पत्रदाताले सामग्रीको उपलब्धता समेत राम्ररी बुझी दरभाउ पत्र भरेको मानिनेछ।

८. दरभाउ पत्रको खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ।

९. दरभाउ पत्रको डकुमेन्ट,स्पसिफिकेशन,परिणाम सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन।

१०. प्राप्त शिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने/नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

११. दरभाउ पत्रमा नियमनुसार लाग्ने भ्याट बाहेकका दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ।

१२. BOQ यस कार्यालयको आर्थिक प्रशासन शाखा बाट लिन सकिनेछ।

१३. बिस्तृत जानकारीको लागि कार्यालयको वेभसाइट omsatiyamun.gov.np र कार्यालयको नम्बर ९८५७०१७६८४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१४. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ।

### तपसिल

| सि.नं. | सूचना न. | कार्यको विवरण | ल.ई.रकम (भ्याट बाहेक) | दरभाउ जमानत रु. | दरभाउ पत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०६/०७६/०७७ | कम्प्युटर,प्रिन्टर तथा विभिन्न सूचना प्रबिधि सम्बन्धि उपकरणहरु | २७,८३,८२२।०० | ८३,५००।०० | ३०००।०० (फिर्ता नहुने) | |

प्रमुख प्रशासकीय अधिकृत